# ऐश्वर्य विद्या निकेतन
## माध्यमिक विद्यालय
"सार्वजनिक शैक्षिक गुठी"
धनगढी, कैलाली (से.अ.), नेपाल
(स्थापित : २०३३)

पत्र संख्या : २०८१/०८२
चलानी नम्बर : ९९६

मिति : २०८१/०७/१३

श्रीमान् प्रशासकीय अधिकृतज्यू
धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली ।

विषय: कागजात पेश गरिएको वारे ।

उपर्युक्त सम्वन्धमा त्यस कार्यालयको चलानी नं.१३०।२०८१।०८२ मिति २०८१।०७।०८को प्राप्त पत्रानुसार तपसिल अनुसारको आवश्यक कागजात पेश गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गरिएको छ ।

तपसिल

तत्कालिन समयमा आर्थिक,सामाजिक,भौतिक तथा शैक्षिक विकासका क्रममा दक्ष जनशक्ति एवं प्रतिस्पर्धात्मकरुपमा सक्षम सवल र स्वच्छ वातावरणयुक्त सहित यस भेगका सामाजका चाहना अनुसार वि.सं.२०३३सालमा यस विद्यालयको स्थापना भएको हो । नेपाल सरकार,क्षेत्रीय शिक्षा निर्देशनालय,राजपुर दिपायलमा यस ऐश्वर्य विद्या निकेतन,मा.वि."सार्वजनिक शैक्षिक गुठीको विधान-२०५९" मिति २०६१।०४।११मा दर्ता भई हाल कक्षा नर्सरी देखि कक्षा १२ सम्म र ऐश्वर्य विद्या निकेतन सार्वजनिक शैक्षिक गुठी द्वारा नै ऐश्वर्य वहुमुखी क्याम्पसमा स्नातक र स्नातकोत्तर तह सम्मको पठन पाठन सञ्चालनमा रहेको छ । विद्यालय व्यवस्थापन समितिको मिति२०६२।१२।०९को निर्णयानुसार ऐश्वर्य सार्वजनिक शैक्षिक गुठी अन्तर्गत ऐश्वर्य विद्या निकेतन मा.वि.र ऐश्वर्य वहुमुखी क्याम्पस सञ्चालनमा रहेको कुरा प्रष्टनै छ ।

(१) श्री नृप वहादर वडज्यू यस विद्यालयको व्यवस्थापन समिति र ऐश्वर्य वहुमुखी क्याम्पस सञ्चालक समितिको अध्यक्ष पदमा मिति २०७२।५।२८ देखि हाल सम्मको कार्यावधिमा उहांको कुशल नेतृत्व, इमान्दारी,लगन तथा उहांको सक्रिय टिम सहितको कारणले आज यस विद्यालय र क्याम्पसको आर्थिक,भौतिक तथा शैक्षिक विकासमा फड्को मार्न सफल भएको छ । संघीय शिक्षा ऐन २०२८ (नवौं संशोधन २०७४।१२(४), नगर शिक्षा ऐनको दफा-२३को(क) वमोजिम विद्यालयको लक्ष्य,मूल्य,मान्यता,सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषयवस्तु सहितको विद्यालय सञ्चालन विनियम-२०७८ उहांकै कार्यकालमा निर्माण गरी कार्यन्वयन गरिएको छ । अत: ऐश्वर्य विद्या निकेतन मा.वि.को विद्यालय संचालन विनियम २०७८ (२) तथा संस्थागत विद्यालयको व्यवस्थापन समिति गठन सम्वन्धी धनगढी उपमहानगरपालिकाको नगर शिक्षा ऐन २०७४ को ८, १ (क),संघीय शिक्षा ऐन २०२८ नवौं

प्राचार्य

फोन नं. : ०९१-५२०७७९, ५२१०७९, ५२६७७९, मो. : ९८५८४२०१७१, फ्याक्स : ०९१-५२०७७९

# ऐश्वर्य विद्या निकेतन
## माध्यमिक विद्यालय
"सार्वजनिक शैक्षिक गुठी"
धनगढी, कैलाली (से.अ.), नेपाल
(स्थापित : २०३३)


पत्र संख्या :
चलानी नम्बर :
मिति :

संशोधनको दफा १२(४) बमोजिम नै यस विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा श्री नृप बहादुर वडज्यू योग्य भएकोले उहांको नाम सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

(२) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको नै हो । विद्यालय व्यवस्थापन समितिको मिति २०६२।१२।०९को निर्णयानुसार ऐश्वर्य विद्या निकेतन सार्वजनिक शैक्षिक गुठीद्धारा ऐश्वर्य वहुमुखी क्याम्पस सञ्चालन गरिएको हो । विश्वविद्यालय अनुदान आयोगको कार्यविधि अनुसार सम्वन्धित क्याम्पसको नाममा जग्गा दर्ता भएको खण्डमा मात्र क्याम्पसलाई भौतिक अनुदानको सुविधा दिने भएकोले विद्यालय व्यवस्थापन समितिको मिति २०७२।०९।१५को निर्णयानुसार ऐश्वर्य विद्या निकेतन मा.वि.को ध.उ.म.न.पा.वडा नं५ स्थित कि.नं.३९को जम्मा जग्गा २७६३२।०३वर्ग फीट मध्ये दक्षिण पुर्व मोहरा वाट २०३११७८वर्ग फीट जग्गा ऐश्वर्य वहुमुखी क्याम्पसले भोग चलन गर्ने गरी ऐश्वर्य वहुमुखी क्याम्पसको नाममा राजिनामा पास गरिएको तर अगामी दिनमा क्याम्पस त्रिभुवन विश्वविद्यालय वा अन्य विश्वविद्यालयको आंगिक क्याम्पस भएको खण्डमा क्याम्पसले उक्त क्षेत्रफल वरावरको जग्गा वा सो जग्गाको मूल्य (चलन चल्तीका दररेटमा) जग्गादाता श्री ऐश्वर्य विद्या निकेतन मा.वि.लाई हस्तान्तरण गर्ने निर्णय भएको छ । क्याम्पसको नाममा जग्गा भए पश्चात आज त्यस ठाउंमा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा पांचतले आधुनिक किसिमको भव्य भवन निर्माण भएको सर्वविदितै छ । आखिर यो पनि त ऐश्वर्य विद्या निकेतन सार्वजनिक शैक्षिक गुठीकै भौतिक सम्पत्ति न हो । यसमा विद्यालय व्यवस्थापन समिति वा अध्यक्ष चुकेको त कुनै प्रश्नै छैन ।

त्यसै गरी ऐश्वर्य विद्या निकेतन सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित ऐश्वर्य वहुमुखी क्याम्पस स्थापना कालदेखि ऐश्वर्य विद्या निकेतन मा.वि.को जनशक्तिवाट सञ्चालन रहेकोले क्याम्पसको भौतिक विकासका लागि अनुदान प्राप्त गर्न श्री विश्वविद्यालय अनुदान आयोगको कार्यविधि अनुसार क्याम्पसको छुट्टै जनशक्ति हुनुपर्ने प्रावधान भएकोले विद्यालय व्यवस्थापन समितिको मिति २०७५।०३।०१को निर्णय नं.६अनुसार ऐश्वर्य विद्या निकेतन मा.वि.मा कार्यभार रहने गरि २२जना जनशक्ति क्याम्पसमा समायोजन गरिएको हो । जनशक्ति समोजनपश्चात विद्यालय र क्याम्पसको विचमा आर्थिक कारोवारमा पारदर्शिता तथा सन्तुलन होस भन्ने उद्देश्यले ऐश्वर्य सार्वजनिक शैक्षिक गुठीअन्तर्गत ऐश्वर्य विद्या निकेतन मा.वि.र ऐश्वर्य वहुमुखी क्याम्पस समेत सञ्चालनमा रहेको कारण विद्यालय व्यवस्थापन समितिको मिति२०७६।०८।२१को निर्णय नं.१२अनुसार विद्यालयको मूलखाता सञ्चालनको हकमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, क्याम्पस प्रमुख र विद्यालयका प्राचार्य सहित तीनै जनाको संयुक्त हस्ताक्षरवाट सञ्चालन गर्ने निर्णय भएको तथा ऐश्वर्य वहुमुखी क्याम्पस सञ्चालक समितिको मिति२०७९।०९।१८को निर्णय नं.२अनुसार क्याम्पसको मूलखाता सञ्चालनको हकमा पनि क्याम्पस सञ्चालक समितिका अध्यक्ष, क्याम्पस प्रमुख र ऐश्वर्य

प्राचार्य


फोन नं. : ०९१-५२०७७९, ५२१०७९, ५२६७७९, मो. : ९८५८४२०१७१, फ्याक्स : ०९१-५२०७७९

ऐश्वर्य विद्या निकेतन
माध्यमिक विद्यालय
"सार्वजनिक शैक्षिक गुठी"
धनगढी, कैलाली (से.अ.), नेपाल
(स्थापित : २०३३)

पत्र संख्या :
चलानी नम्बर :
मिति :

विद्या निकेतन मा.वि.का प्राचार्य सहित तीनै जनाको संयुक्त हस्ताक्षरवाट सञ्चालन गर्ने निर्णय वमोजिम दुवै संस्थाको मूलखाता सञ्चालनमा रहेको व्यहोरा जानकारी गराउदै पत्रमा उल्लेख भए वमोजिम तत्कालीन प्राचार्य धर्मदेव भट्ट र लेखापाल भरथरी चौधरीले विद्यालयको मूल खाता सञ्चालन गरि रहेको आरोप असत्य भएको जानकारी गराइन्छ ।

ऐश्वंर्य बहुमुखी क्याम्पस र ऐश्वर्य विद्या निकेतन मा.वि.को सञ्चालन ऐश्वर्य विद्या निकेतन सार्वजनिक शैक्षिक गुठीले नै गरेको र आगामी दिनमा यस गुठीले अन्य सङ्काय वा संस्थाहरू समेत सञ्चालन गर्ने उद्देश्य राखेकाले दुवैतर्फको आर्थिक कारोवारलाई थप पारदर्शी बनाउनका लागि उक्त प्रावधान राखिएको हो । यस प्रावधानले क्याम्पसतर्फको आर्थिक कारोवारमा विद्यालयको र विद्यालयतर्फको आर्थिक कारोवारमा क्याम्पस प्रशासनको निगरानी हुने भएको र यसले विद्यालय र क्याम्पसको आर्थिक कारोवारलाई थप पारदर्शी बनाएको कुरा अनुरोध छ । साथै आगामी दिनमा क्याम्पस र विद्यालय दुवै संस्थाले आ-आफ्नै आय-व्ययको खाता सञ्चालन गर्ने तथा ऐश्वर्य विद्या निकेतन सार्वजनिक शैक्षिक गुठी समितिको गठन गरी मूल खाता गुठी समितिले सञ्चालन गर्नेगरी गुठीको विधान संशोधन गर्न विधान मस्यौदा समिति नै गठन गरी काम भइरहेको कुरा पनि अनुरोध छ । अतः तत्कालीन प्राचार्य र लेखापालले रिटायर्ड नहुञ्जेल अवैध ढङ्गले खाता सञ्चालन गर्ने चाँजोपाँजो मिलाएको भन्ने आरोप मनगडन्ते र पूर्वाग्रही छ । त्यसै गरी विद्यालय र क्याम्पसको आर्थिक कारोवार एकाउन्टेन्ट भरथरी चौधरीलाई हेर्ने जिम्मेवारी दिएकोले विद्यालय प्रशासनको खाता विद्यालयको प्राचार्य र एकाउन्टेन्टको संयुक्त हस्ताक्षरवाट र क्याम्पस प्रशासनको खाता क्याम्पस प्रमुख र एकाउण्टेन्टको संयुक्त हस्ताक्षरवाट सञ्चालनमा भईरहेको छ ।

(३) ऐश्वर्य विद्या निकेतन मा.वि.को विद्यालय सञ्चालन विनियम-२०७८को परिच्छेद-२को दफा-२को( ङ) मा ऐश्वर्य विद्या निकेतनको विद्यालय व्यवस्थापन समितिको सदस्यमा ऐश्व्रर्य वहुमुखी क्याम्पसका क्याम्पस प्रमुख पदेन हुने व्यवस्था गरिएको छ । त्यसै गरी ऐश्वर्य विद्या निकेतनको विद्यालय सञ्चालन विनियम-२०७८मा अध्यक्षको सिफारिश प्राचार्यले नै गर्ने कुरा प्रष्टरुपमा लेखिएकोले वुंदा नं.३को आरोपमा भने जस्तो क्याम्पस प्रमुखले प्राचार्य संग समन्वय गरेर अध्यक्षको सिफारिश गर्ने प्रावधान राखेको भन्ने व्यहोरा भ्रामक र असत्य छ । ऐश्वर्य वहुमुखी क्याम्पसको विधान-२०६२( संशोधन२०६६)को परिच्छेद-४को दफा-१३ उपदफा-१को(झ)मा ऐश्वर्य वहुमुखी क्याम्पस सञ्चालक समितिमा ऐश्वर्य विद्या निकेतन वाट दुई जना(प्राचार्य र शिक्षक प्रतिनिधि) सदस्य रहने व्यवस्था छ । विद्यालय र क्याम्पस दुवै ऐश्वर्य सार्वजनिक शैक्षिक गुठीअन्तर्गत नै सञ्चालनमा रहेकाले क्याम्पस प्रमुखलाई विद्यालय सञ्चालन विनियम लागु नहुंदासम्म विद्यालय व्यवस्थापन समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा वोलाउंने गरिएको व्यहोरा पनि अवगत गराइन्छ ।

प्राचार्य

फोन नं. : ०९१-५२०७७९, ५२१०७९, ५२६७७९, मो. : ९८५८४२०१७१, फ्याक्स : ०९१-५२०७७९

अत:नगर शिक्षा ऐन- २३(क) को विद्यालयलाई विनियम बनाई लागु गर्नसक्ने प्रावधान अनुरूप नै यस विद्यालयले संस्थाको आवश्यक्ता र मौलिकताका आधारमा विनियम तयार गरी विद्यालय सञ्चालन विनियम तयार गरी सो अनुसार नै क्याम्पस प्रमुख विद्यालय व्यवस्थापन समितिको पदेन सदस्य हुने प्रावधान राखिएको अनुरोध छ । यसमा विद्यालयको वैठकको माईन्युटमा आफै थप्ने आफै सञ्चालक समितिका सदस्य रहने त कुरै छैन ।

(४) यस विद्यालय व्यवस्थापन समितिको मिति २०७५।०३।०१को निर्णय नं.६ अनुसार ऐश्वर्य सार्वजनिक शैक्षिक गुठीले सञ्चालन गरेको ऐश्वर्य वहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदान आयोगवाट QAA प्रमाण पत्र प्राप्त गर्ने क्रममा त्रि.वि.को नियमानुसार क्याम्पसको छुट्टै जनशक्ति व्यवस्थापन गर्ने प्रावधान रहेकोले २२जना शिक्षक कर्मचारीहरुलाई समायोजन गरिएको थियो । तत्कालीन अवस्थामा क्याम्पसको आयश्रोतले क्याम्पस सञ्चालन नहुने र विद्यालयको जनशक्ति द्धारानै क्याम्पस सञ्चालनमा रहेकोले सोही निर्णयानुसार समायोजन गएिका शिक्षकहरुको प्रत्येक महिनाको मासिक तलव क्याम्पसमा रकमान्तर गरी क्याम्पसवाट भुक्तानी दिने गरिएको थियो । विद्यालय सञ्चालन विनियमको परिच्छेद- ३ को दफा- २७ वमोजिम आवश्यक्ताका आधारमा विद्यालयवाट क्याम्पसमा र क्याम्पसवाट विद्यालयमा शिक्षकलाई समायोजन गर्न सकिने व्यवस्था भएको जानकारी गराउँदै विद्यालय व्यवस्थापन समितिको निर्णय अनुरूप नै समायोजन गरिएको व्यहोरा जानकारी गराउँदछौं । ४ जना शिक्षकले विद्यालयमा निर्धारित वर्कलोड नपढाईकनै तलव खाएको र निजहरुको तलव फिर्ता मांग गरिएको सन्दर्भमा निजहरू क्याम्पसको प्रशासनिक तहमा कार्य गरिरहेको र कार्य व्यवस्तका कारणले विद्यालयमा अध्यापन गर्न नसक्ने हुँदा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुरूप नै तलव भत्ता दिने गरिएको व्यहोरा जानकारी गराउँदछौ । साथै आ.व.२०८०।०८१मा क्याम्पसवाट विद्यालयको खातामा रु४०लाख पठाएको र आवश्यक्तानुसार दुवै संस्थाहरुका विचमा आर्थिक लेनदेन भइनै रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ । अत: क्याम्पसको प्रशासनिक पदमा कार्यरत ४जना शिक्षकहरुले कुनै दोहोरो सुविधा नलिएको जानकारी गराउँदछौं । हाल यस विद्यालयमा तोकिएको वमोजिमको कार्यभार अनुसार १५जना शिक्षकहरुले अध्यापन गराई रहेको हुंदा सो वमोजिम मात्र तलव रकमान्तर गर्ने गरिएको छ । वांकी शिक्षक कर्मचारीहरुको तलव क्याम्पसको कोषवाटनै भुक्तानी दिने गरिएको छ । यसमा १६करोडको वजेट कुनै एकजना व्यक्तिले चलाएको आरोप निराधार छ । विद्यालय व्यवस्थापन समितिको मिति२०७५।०४।२९को निर्णय नं.५अनुसार समायोजन भएका शिक्षकहरुले विद्यालय प्रशासनले तोकेको वर्कलोडको जिम्मेवारी अनिवार्यरुपमा वहन गर्ने निर्णय गरिएको छ । विद्यालयको आम्दानी रकमान्तर

प्राचार्य

# ऐश्वर्य विद्या निकेतन
## माध्यमिक विद्यालय
"सार्वजनिक शैक्षिक गुठी"
धनगढी, कैलाली (सु.प.), नेपाल
(स्थापित : २०३३)


पत्र संख्या :
चलानी नम्बर :                                                  मिति :

विषयमा विद्यालयबाट क्याम्पसमा समायोजन भएका शिक्षकहरूको तलवमान निजहरुको तोकिएको कार्यभार अनुसार नै निजहरूको खातामा सिधै जम्मा नगरी क्याम्पसको खातामा जम्मा गरिएको व्यहोरा जानकारी गराउँदछौ । यस वाहेक कुनै रकम स्थानान्तरण नभएको व्यहोरा जानकारी गराइन्छ । यी सवै कार्यको व्यवस्थापन विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार नै रहेको कुरा नै सत्य हो ।

(५) विद्यालयमा कुनै पनि सल्लाहकार समिति नरहेको हुँदा बुँदा नं.५को आरोप कपोकल्पित र असत्य रहेको जानकारी गराउँदछौ ।

साथै यो संस्था नाफामुखी नभई सेवामुखी भएको, विद्यालय सञ्चालन विनियम निर्माण गरी सोही अर्न्तगत नियमसंगत रुपमा सञ्चालनमा रहेको, विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुलाई नेपाल सरकारले निर्धारण गरेको तलवमान, कर्मचारी सञ्चय कोषको व्यवस्था,नागरिक लगानीकोषको व्यवस्था,अनिवार्य वा स्वैच्छिक अवकाश पछि उपदान तथा औषधिउपचारको व्यवस्था भएको र हरेक आर्थिक वर्षमा धनगढी उप-महानगरपालिका कार्यालयबाट नियुक्त लेखा परिक्षकद्धारा विद्यालयको आर्थिक कारोवारको लेखापरिक्षण गराई विद्यालयको वार्षिकोत्सव तथा अभिभावक समारोहमा आय व्ययको वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने गरिएको व्यहोरा अनुरोध गर्दछौ । यसरी नियम र कानून संगतरुपमा सञ्चालन भईरहेको संस्थालाई नियोजित,कपोलकल्पित र व्यक्ति केन्दित भई वदनाम गर्ने र संस्थाको गरिमामा समेत आंच आउने विभिन्न किसिमका भ्रामक उजुरीहरुमा विश्वास नगरी पेश गरिएको प्रमाणित तथ्य र प्रमाणका आधारमा सत्यतथ्य कुरा बुझि दिन अनुरोध गरिन्छ ।

संलग्न कागजातहरु:
(१) निर्णयको प्रतिलिपीहरु ।
(२) ऐश्वर्य विद्या निकेतन,मा.वि.को विधान-२०५९ एक थान ।(हाल संशोधनको क्रममा रहेको)
(३) ऐश्वर्य वहुमुखी क्याम्पसको विधान-२०६२(संशोधन २०७६) एक थान ।
(४) ऐश्वर्य विद्या निकेतन,मा.वि.को विद्यालय सञ्चालन विनियमावली-२०७८ एक थान ।

वोधार्थ:
(१) श्रीमान् नगर प्रमुखज्यू, ध.उ.म.न.पा.कार्यालय,कैलाली ।
(२) श्रीमान् नगर उपप्रमुखज्यू, ध.उ.म.न.पा.कार्यालय,कैलाली ।
(३) श्रीमान् वडाध्यक्षज्यू, ध.उ.म.न.पा.वडा नं.५को कार्यालय ।

(प्रेमनिधि ओझा)
प्राचार्य
प्राचार्य